

# सामर्थ्य

## खाद्य अधिकारका लागि समावेशी सुशासन र उत्थानशीलता प्रवर्द्धन





## परिवेश

नेपालमा ग्रामिण क्षेत्रमा बसोबास गर्नेको जनसंख्या ८१ प्रतिशत रहेको छ[१]। जम्मा जनसंख्याको दुई तिहाई घरधुरीको मुख्य जिविकाको आधार कृषि रहेको छ[२] । यसमा पनि करिब ६० प्रतिशत घरधुरी जिविकोपार्जनका लागि कृषिजन्य श्रोतमा निर्भर रहेका छन्[३] । कृषि र खेतीपाती प्रणाली परम्परागत, आकासे पानीको भर परेको र खण्डीकृत रहेको छ । न्युन र निर्वाहमुखि उत्पादनका अभ्यासहरु रहेका कारण कृषि जन्य श्रोतहरुबाट हुने आयआर्जन पनि न्युन रहेको छ । जम्मा जनसंख्याको ४९ प्रतिशत घरधुरीहरु खाद्य सुरक्षित छन र ति घरधुरीहरुको मात्र खाद्य बस्तुमा पहुँच वर्षभरि हुने गरेको छ[४] ।

नेपाल बिभिन्न किसिमका प्रकोपहरुका कारण उच्च जोखिममा रहेको छ र जलवायु परिवर्तनका कारण पनि प्रभावित छ । Global Climate Risk Index २०१६[५] अनुरुप नेपाल बढी जोखिममा रहेका देशहरुमा १७औं स्थानमा रहेको छ । जलवायु परिवर्तनबाट असमान रुपमा महिला, गरिब र सामाजिक रुपमा बहिस्करणमा परेको समुदायहरुमा बढी असर पर्ने गरेको छ ।

## परियोजनाको परिचय

केएर नेपालले २०१३ देखि २०१८ सम्म संचालन गरेको खाद्य अधिकारका लागि नागरिक समाज सहयोग परियोजनाका सिकाईहरुमा आधारित रहेर केएर डेनमार्कको सहयोगमा सन २०१८ देखि २०२१ सम्म संचालन गर्नका लागि उदयपुर, सिरहा र ओखलढुङ्गा जिल्लामा बिस्तारयोग्य नमुना अभ्यासहरु संचालन गर्नका लागि सामर्थ्य (खाद्य अधिकारका लागि समाबेशी सुशासन र उत्थानशिलता प्रर्वद्वन) परियोजना तयार गरिएको छ । यस परियोजनाले भूमि र कृषिमा जलवायु परिवर्तन अनुकूलनका बिस्तार योग्य मोडलहरु निर्माण गर्ने र भूमिहिन तथा साना कृषकहरुका प्रतिनिधिमूलक संगठनहरुलाई बिभिन्न तहको सरकारससंग सहकार्य र पैरवी गर्न सक्षम बनाउनका लागि ति जनसंगठनहरुको संस्थागत क्षमता विकास गर्ने बिषयलाई प्राथमिकतामा राखेको छ । यसरी माथि उल्लेखित क्षेत्रहरुमा परियोजनाले लगानी गर्दा खाद्य अधिकार परियोजनामा शुरु गरिएका केही नमुना कार्यहरुको निरन्तरता र ति कार्यहरुको दिगो पनाको आधारहरु तयार हुनेछन । यसका लागि परियोजनाले स्थानीय सरकारसंग सहकार्य गर्ने छ र आवश्यकता अनुरुप नेपालको संबिधानका सहकार्य, सहअस्तित्व, समन्वयको सिद्धान्त अनुरुप तीन तहको सरकारसंग सहकार्यमा कार्य गर्ने छ ।

## परियोजनाको उद्देश्य

यस परियोजनाले साना तथा भूमिहीन गरिब, बहिस्करणमा पारिएका महिला तथा पुरुष किसानहरुको आर्थिक सशक्तिकरण र उत्थानशिलता बढाउनका लागि ति समुदायका प्रतिनिधिमूलक संगठनहरुको क्षमता विकास गर्ने प्राथमिक लक्ष्य राखेको छ ।

## परियोजनाको भौगोलिक कार्यक्षेत्र

यो परियोजनाले राष्ट्रिय स्तरमा भूमि, कृषि, जलवायु परिवर्तन अनुकुलन र समाबेशी सुशासनका बिषयहरुमा योगदान गर्ने छ जसका लागि उच्च पहाडी, मध्य पहाडी र तराईको प्रतिनिधित्व गराउनका लागि क्रमशः ओखलढुङ्गा, उदयपुर र सिराहा जिल्लामा केही नमुना मोडलहरु निर्माण गर्ने छ । यसरी मोडलका रुपमा कार्यान्वयन गरिएका अभ्यासहरुलाई राष्ट्रिय कृषक समूह महासंघ र राष्ट्रिय भूमि अधिकार मञ्चका संगठनहरु भएको अन्य जिल्लाहरुमा बिस्तारित गरिने छ ।

[१] बिश्व बैंक, २०१३ ।
[२] बिश्व बैंक, २०१३ ।
[३] नेपाल सरकार, २०११ । राष्ट्रिय जनगणना । ३४,९७, ४०८ परिवारसंग ०.५ हेक्टर भन्दा कम जग्गा छ र ९,९८,८१८ परिवारसंग १ हेक्टर भन्दा कम जग्गा छ ।
[४] नेपाल सरकार । २०११ । नेपाल जनसंख्या तथा स्वास्थ्य गणना ।
[५] जर्मन वाच, २०१६ । ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स ।

## परियोजनाबाट प्रत्यक्ष लाभान्वित जनसंख्या

**३१११** साना किसानहरु



२०१७ महिला — १०९४ पुरुष

**३३८७** भूमिहीन किसानहरु



१९६७ महिला — १४२० पुरुष

**१५१** कृषक समूह



**८०** टोल भूमि अधिकार मंच

## परियोजनाको प्रभाव समूह

गरिब, जोखिममा रहेका र सामाजिक रुपमा बहिस्करणमा परेका महिला तथा किशोर किशोरीहरु यस परियोजनाको प्रभाव समूह रहेका छन । यि प्रभाव समूह भित्र

- साना, भूमिहीन र बहिस्करणमा परेका किसान र मजदुरहरु
- प्राकृतिक श्रोतमा निर्भर समुदाय
- जलवायु परिवर्तन तथा बिपदबाट असर परेको समुदाय
- भौगोलिक रुपमा बिकट क्षेत्रमा बसोबास गर्ने र गरिबीको रेखामुनि रहेको समुदायहरु

## परियोजनाको औचित्य

१) साना तथा भूमिहिन किसानहरुलाई जलवायु परिवर्तनका असरहरुबाट जोगाउन आवश्यक पर्ने जलवायु परिवर्तन अनुकुलनका सजिला र बिस्तार योग्य मोडलहरुको विकास र कार्यान्वयन गर्न ।

२) जलवायु परिवर्तन अनुकुलनका सजिला र बिस्तारयोग्य मोडलहरुको कार्यान्वयन मार्फत प्राप्त ज्ञान एउटा समुदायबाट अर्को समुदायमा सार्न र अरु समुदायलाई त्यस्ता मोडलहरुबाट लाभान्वित गराउन ।

३) नागरिकहरुका संगठनहरु आवश्यकता अनुरुप एक्लै र संयुक्त रुपमा स्थानीय सरकारहरुसंग मिलेर मोडलहरुको कार्यान्वयन, मोडलहरुमा ज्ञान निर्माण र अन्य ठाउँहरुमा ति मोडलहरुको बिस्तार गर्न सक्षम हुन ।

## भूमि तथा कृषिमा जलवायु परिवर्तन उत्थानशिलताका बिस्तारयोग्य नमुनाहरु

१) मौसम पूर्वानुमानमा आधारित कृषि सूचना सेवाहरु

२) साना तथा भूमिहिन किसानहरुका लागि कृषि बीमा

३) बर्गीकरण र सामाजिक सुरक्षा सहितको किसान परिचय पत्र

४) भूमिहीन किसानहरुको जीविकोपार्जन सुधार र खाद्य सुरक्षाको अवस्था सुधार गर्नका लागि करार खेती

५) सामुदायिक एकिकृत भूमि तथा जल व्यवस्थापन अभ्यास

६) सामुदायिक भूमि व्यवस्थापन अभ्यास

७) जलवायु अनुकुल बाली तथा बीऊ प्रवद्वन

८) उद्वेश्य अनुरुपको भूमि प्रशासन अभ्यास

## परियोजनाका साझेदारहरु

### मुख्य साझेदारहरु

१) राष्ट्रिय कृषक समूह महासंघ नेपाल

२) राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल

३) सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

### श्रोत साझेदारहरु

१) जैविक विविधता, अनसुन्धान तथा विकासका लागि स्थानीय पहल (ली बर्ड)

२) स्वच्छ उर्जा नेपाल

## परियोजनाको परिवर्तनको सिद्धान्त

### प्रभाव लक्ष्य

नागरिक समाजका प्रतिनिधिमूलक संस्थाहरुले बिभिन्न संजालहरुमा आवद्ध भई र स्थानीय, प्रदेश र संघीय सरकारसंगको सहकार्य/ साझेदारीमा साना तथा भूमिहिन किसानलाई खाद्य अधिकारको अनुभूति गराउनका लागि लागि योगदान गर्ने ।

**परिवर्तनको क्षेत्र १**

नागरिक समाजका संस्थाहरुले आफ्ना प्रभाव समूहहरुको प्रतिनिधित्व गर्दै तिनिहरुलाई परिचालन गर्ने, शसक्त बनाउने, ज्ञान तथा सीपको विकास गर्ने र स्थानीय सरकारसंग मिलेर भूमि, कृषि तथा जलवायु परिवर्तन अनुकुलनका निम्ती समाबेशी उपायहरु पहिल्याउने तथा तिनको कार्यान्वयन गर्नका निम्ती प्रभाव समूहहरुको क्षमता अभिबृद्धि गर्ने ।

**परिवर्तनको क्षेत्र २**

प्रभाव समूहको प्रतिनिधिमूलक संस्थाहरुले आफु भित्र सहभागिता, समाबेशीकरण, र सुशासन अभिबृद्धि गर्ने र  स्थानीय, प्रदेश र राष्ट्रिय तहमा भूमि, कृषि तथा जलबायु परिवर्तन अनुकूलनका बिषयहरुमा नीति निर्माण तथा कार्यान्वयनका लागि क्षमता अभिबृद्धि गर्ने ।

**परिवर्तनको क्षेत्र ३**

स्थानीय, प्रदेश र राष्ट्रिय तहको सरकार र अन्य सेवा प्रदायक संस्थाहरु जवाफदेहि हुनेछन र नागरिक समाजका संस्थाहरुसंग मिलेर भूमि, कृषि र जलबायु परिवर्तन अनुकूलनका बिषयमा तयार भएका नीति तथा योजनाहरु कार्यान्वयन गर्ने छन ।

**सम्पर्क**
केएर नेपाल
४/२८८ - समता भवन
धोबीघाट, ललितपुर
पो. ब. नं. १६६१, काठमाण्डौं, नेपाल
फो. नं: ०१-५५२२८००
फ्याक्स: ०१-५५२१२०२
इमेल: carenepal@np.care.org
www.carenepal.org



# SAMARTHYA

## Promoting Inclusive Governance and Resilience For the Right to Food





Nepal's population is largely rural with 81% living in rural areas and only 19% living in urban areas[1]. Agriculture is the mainstay of livelihoods for around two-thirds of households[2]. Though about 60% of the population depends on agriculture for their livelihoods, agricultural practices are mostly traditional, rain-fed, and fragmented[3]. Production is low and geared towards subsistence, and as a result farm incomes are often low. Only 49% of households is food secure and have access to food year round[4].

Nepal is also prone to multiple types of hazards and is disproportionately affected by the effects of climate change. According to the Global Climate Risk Index 2016 it ranks as the 17th most vulnerable country[5]. Climate change impacts have a disproportionate impact on women, poor, vulnerable and socially excluded groups who often lack the resources, capacities, assets and power to adapt to or withstand such shocks and stresses.

## PROJECT OVERVIEW

Building on the experience and learning from the Civil Society Support Project on Right to Food (RtF) Project (July 2013 to June 2018), the new phase of CARE Denmark-supported project (July 2018 - December 2021) is envisioned as "SAMARTHYA: Promoting Inclusive Governance and Resilience For the Right to Food" in Udayapur, Siraha and Okhaldhunga districts. The project focuses on developing climate resilient scalable models in land and agriculture, and strengthening peoples' organizations to become more effective in engaging with government at all levels in these areas. Through shared learning and reflection; and collaborative efforts with local government and other tiers of government as per the 3Cs principle (Co-existence, Co-operation and Co-ordination) of the federalization process, it will give momentum to the work that started in RtF project making it more contextualized, concrete, and systematic.

## PROJECT OBJECTIVE

The project aims to support people's organisations contributing to strengthening capacity and spaces of poor and marginalized women and men mainly landless and small holder farmers to build economically empowered and resilient communities.

## GEOGRAPHICAL FOCUS

This is a national level initiative with piloting of scalable models at the beginning in Okhaldunga, Udayapur and Siraha representing High-Hill, Mid-Hill and Plain (Terai) districts and gradually scaling up to other parts of Nepal where NFGF and NLRF have presence.

## IMPACT GROUPS OF THE PROJECT

The impact population are poor, vulnerable and socially excluded women and adolescent girls with a particular focus on those who are

- Smallholders, tenants, marginal and landless farmer households, labourers
- Natural resource dependent communities
- Differentially impacted groups from climate change and disasters
- People living in geographically remote areas and in poverty pockets

## RATIONALE OF THE PROJECT

i) The development or acclimatization of simple climate resilience scalable models on land and agriculture that address immediate and urgent needs of climate vulnerable landless tenant and small holder farmers.

ii) Ensure that local knowledge gained through successful pilots spread through the systemic approach to other communities in non-pilot areas benefiting similar impact groups using context specific scaling up strategies.

iii) Ensure that the local federations of the people's organizations are able to work jointly or collaborate with local governments on piloting, knowledge generation and scaling up the models.

[1] World Bank. 2013.
[2] World Bank. 2013.
[3] Government of Nepal. 2011. National Census. 34, 97,408 families own less than 0.5 hectare and 9,98,818 families own less than a hectare.
[4] Government of Nepal. 2011. Nepal Demographic and Health Survey
[5] German Watch. 2016. Global Climate Risk Index

## PROJECT HAS DIRECTLY REACHED

**3111** small holder farmers



**2017** Female | **1094** Male

**3387** landless people through its various program



**1967** Female | **1420** Male

**151** Farmers Group



**80** Tole Land Rights Forum (TLRF)

## SOME OF THE CLIMATE RESILIENT SCALABLE MODELS ON LAND AND AGRICULTURE IDENTIFIED JOINTLY BY PARTNERS INCLUDES

1. Weather based agro-advisory services
2. Agriculture insurance for smallholders and marginal farmers
3. Farmers identity card with categorization and specific provisions
4. Contract farming as a source of food and livelihood security of landless people
5. Community integrated land and water management
6. Community Land Management Practice
7. Climate resilient crop varieties seed model
8. Fit for Purpose Land Administration

## CORE PARTNERS

- National Farmers Group Federation (NFGF)
- National Land Rights Forum (NLRF)
- Community Self Reliance Center (CSRC)

## RESOURCE PARTNERS

- Local Initiatives for Biodiversity, Research and Development (LI-BIRD)
- Clean Energy Nepal (CEN)

## THEORY OF CHANGE OF THE PROJECT

### IMPACT GOAL

Representative people's organisations have individually and in alliances or networks contributed to the realization of the right to food for the benefit of the impact groups in partnership with local, provincial and federal governments.

**DOMAIN 1**

The local, district and provincial federations of strategic partners representing the impact group mobilize & empower communities, expand knowledge, and improve their capacities to work jointly with decentralized governments in developing & implementing inclusive solutions around issues of land rights, food, agriculture and resilience to climate change and disasters.

**DOMAIN 2**

Strategic partners representing impact group have increased their own representativeness, inclusiveness and governance and are capable of influencing policy formulation and implementation at local, provincial and federal levels around agriculture, food, land rights and resilience to climate change.

**DOMAIN 3**

Government and other duty bearers, at federal, provincial and local levels, are responsive and engage with civil society organizations to implement land, food, agriculture, climate change adaptation policies and plans taking into account the needs of the impact groups.

Documentation process of Climate Resilient Scalable Models is ongoing. The reference link will be provided accordingly.

## Theory of Change with actors and relationships of Samarthya Project




The visual in Figure 2 helps to clarify that the CARE Nepal program team, being situated in the programme's **Sphere of Control**, may have a good control over program finance, inputs and activities, but has no control over the practice and behaviour of the boundary partners. It can only claim to have some influence at that intermediate level. It also visualizes that sustainable change at the level of the final beneficiaries (e.g. improved access to food by landless farmers) does not occur in an abstract way nor is it under the direct control of project. Instead, it visualizes the reality that sustained change at the level of the final beneficiaries (i.e. in the **Sphere of Interest/ Indirect Influence**) is dependent on changed practice, behaviour or policy at the level of intermediate actors (i.e. in the **Sphere of Direct Influence**). The project partners are influencing directly to the local, provincial and federal level boundary partners as mentioned in the **Sphere of Direct Influence** zone.

माथि उल्लेखित खाकाको "**Sphere of Control**" भागमा केएर नेपालको कार्यक्रम संचालन गर्ने टोलीको कार्यक्रमको बजेट, गतिबिधि निर्धारण जस्ता बिषयमा आफ्नो नियन्त्रण रहेको कुरा जनाइएको छ भने "*Boundary Partner*" हरुका ब्यवहार र अन्य गतिबिधिहरुमा नियन्त्रण हुदैन तर त्यसमा केही तहको अप्रत्यक्ष प्रभाव रहेको हुन्छ । ति "*Boundary Partner*" हरुका ब्यवहार तथा अभ्यासहरुमा देखिएका केही परिवर्तनहरुलाई यस परियोजनाले महत्वपूर्ण उपलब्धिका रुपमा मान्ने छ । यस परियोजनाले बिभिन्न संस्था (एक्टर) हरुकोसंगको बलियो सम्बन्धलाई परियोजनाको लक्ष्य हासिल गर्नका लागि महत्वपूर्ण रुपमा हेरेको छ । साना तथा भूमिहिन किसानहरुको खाद्य अधिकारको सुनिश्चितता अमूर्त रुपमा सम्भव नहुने र पूर्ण रुपमा परियोजनाको आफ्नो नियन्त्रणमा पनि नहुने कुरा महशुस गरेको छ "**Sphere of Interest/ Indirect Influence**" । जसका लागि साझेदार संस्थाहरुले स्थानीय, प्रदेश र संघीय तहका अन्य सरोकारवाला संस्थाहरुलाई प्रत्यक्ष रुपमा आफ्ना सवालहरुमा प्रभावित गर्नका लागि पैरवीका कामहरु संचालन गर्ने गर्दछन् । साथै परियोजनाले पहिचान गरेका बिभिन्न तहका सरोकारवालाहरुको (एक्टर) ब्यवहार, अभ्यास र नीति निर्माण गर्ने कार्यमा परिवर्तन आउनु पर्ने कुरा पनि परिकल्पना गरेको छ "जुन कुरा माथिको खाकाको "**Sphere of Direct Influence**" ले जनाउँछ ।


FOR FURTHER INFORMATION
CARE Nepal
4/288 – SAMATA Bhawan
Dhobighat, Lalitpur
P.O.Box 1661, Kathmandu, NEPAL
Tel: 977-1-5522800
Fax: 977-1-5521202
Email: carenepal@np.care.org
www.carenepal.org